

# हिमाली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## धुलाचौर, बाजुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

## आ.व. २०८१/०८२

# वार्षिक नीति तथा कार्यक्रम

मिति:- २०८१ साल असार ९ गते

नेपाल सम्वत् ११४४ तछलागा १ प्रतिपदा आईतबार

# हिमाली गाउँपालिका

## आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम

### "स्वास्थ्य, शिक्षा, कृषि, जडिबुटी, पर्यटन, जलस्रोत र पूर्वाधार औद्योगिकरण, सुशासन र गरिबी निवारण समृद्ध हिमालीको आधार"

हिमाली गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँ सभाका सदस्यहरु, कर्मचारी साथीहरु,पत्रकार बन्धु, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरु सर्वप्रथम हिमाली गाउँपालिकाको १४ औं गाउँ सभामा हार्दिक स्वागत गर्दछु ।

हिमाली गाउँपालिकाको आर्थिक वर्ष २०८१ ०८२ को नीति तथा कार्यक्रम, यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । यस अवसरमा मुलुकमा राष्ट्रिय एकता सार्वभौमसत्ता, सामानुपातिक समावेशीता सहितको संघिय लोकतान्त्रीक गणतान्त्रमक व्यवस्था स्थापना गर्नु २००७ सालको क्रान्ती, २०४६ साल तथा २०६२/०६३ को जनआन्दोलन सशस्त्र द्वन्द मधेश आन्दोलन लगाएतका विभिन कालखण्डमा भएका राजनीतिक आन्दोलनमा आफ्नो जीवनको आहुती दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात सहितहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै वेपता घाईते अपाङ्गता भएका एमव् विभिन्न आन्दोलनमा नेतृत्व गर्नुहुने सबै प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

विपद् व्यवस्थापन र महामारी जन्य जोखिमपूर्ण परिस्थितिमा अग्रपंक्तिमा रहेर सेवा गर्नुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु, लगाएत अन्य कर्मचारीहरु, महिला स्वास्थ्य स्वयंसेविका, सामाजिक संघ संस्था, निजी तथा व्यावसायिक क्षेत्र, सञ्चारजगत तथा यस कार्यमा सहयोग पुर्‍याउनु हुने सम्पूर्ण महानुभावहरु लगायत सम्पूर्ण गाउँवासीको उच्च प्रशंसा गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु ।

हिमाली गाउँपालिकाको विकासका निम्ती, नीति योजना तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणहरुमा सहयोग पुर्‍याउनु हुने उपाध्यक्षज्यु, सभाका सदस्य ज्युहरु, प्रमुख प्रशासकिय अधिकृत ज्यु लगाएत सबै राष्ट्र सेवक कर्मचारी र सम्पूर्ण गाउँपालिका वासी आमा बुवा दाजुभाइ तथा दिदीवहिनीहरुलाई स–धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिकका साथै उत्पादन र उत्पादकत्व एवं पर्यटकीय महत्वका दृष्टिले समेत अत्यन्त प्रवल सम्भावना भएको गाउँपालिका भएर पनि द्रुत विकासको लागि हाम्रा साम् अझै पनि केही चुनौतीहरु बाँकी नै छन् । विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा रोजगारी विस्तार गर्ने, कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकिकरण गर्ने, सुशासन प्रवंद्धन गरी सेवा प्रवाहमा प्रभावकारीता कायम गर्ने, पर्यटन विकासबाट प्राप्त लाभ लिई सबै क्षेत्रसम्म टेवा पुर्‍याउने, वन जंगलको संरक्षण गर्दै भुक्षय नियन्त्रण, विपद र वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा अझै लगानी वृद्धि गरी सडक यातायात लगायत भवन संरचनाहरुको निर्माण, विकास र विस्तार गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासको प्रतिफल हाँसिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक व्यवस्थापनलाई सुशासन मैत्री बनाई संस्थागत सुदृढिकरण गर्ने न्यून तथा. मध्यम स्तरको मानव विकासको अवस्थालाई सुधार गरी मध्यम तथा उच्च सक्षम व्यक्ति र गतिशिल समाज निर्माण गर्नुका साथै सुखी हिमाली वासी तथा समृद्ध हिमाली गाउँपालिका बनाउने र मानव विकासको बाधकको रुपमा रहेको कुपोषण, गरिबी, हुन सक्ने विपद् जोखिम लगायत अन्य महामारी जस्ता चुनौतीहरु हाम्रो साम् रहेका छन् ।

उल्लेखित महत्वपूर्ण तथा ऐतिहासिक सफलताका कार्यहरुमा गाउँवासीले दिएको साथ, सहयोग, अघात माया र ममताबाट प्रेरित भई मैले हिमाली गाउँपालिकालाई कृषिमा आत्मनिर्भर, सबै नागरिकहरुमा गुणस्तरीय स्वास्थ्य, शिक्षाको पहुँच पुगाउन तथा सबै बस्तीहरुलाई सडक संजालमा जोडिने र कुपोषण तथा गरिबी निवारण, **हिमाली गाउँ उज्यालो बनाऔं** भन्ने अभियान सञ्चालन गर्दै रोजगारी सिर्जना गरी सुखी हिमाली वासी र समृद्ध हिमाली गाउँपालिका

बनाउने गरी आर्थिक वर्ष २०८१ ०८२ को नीति तथा कार्यक्रम गाउँ सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु ।

गाउँ सभाका सदस्य ज्युहरु

अब म आगामी आ.व.२०८१।०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमती चाहान्छु ।

(क) आर्थिक विकासतर्फ :

१. कृषि विकास तथा कृषि प्रसार :

- "परम्परागत कृषिमा आधुनिक प्रविधि, रैथाने बाली र फलफुल खेती मार्फत आत्मनिर्भर बनाउने हिमाली नीती" लाई आत्मसात गर्दै रैथाने बाली र फलफूल प्रशोधन प्याकेजिङ्ग लेबलिङ्ग गर्ने गरी उद्योगको स्थापना सञ्चालन गर्ने नीति लिईने छ ।
- "आजको लगानी बोट, भोलिको प्रतिफल नोट" भन्ने नाराका साथ यस हिमाली गाउँपालिकाले संचालन गर्दै आएको खाद्य सुरक्षाका लागि बृक्षारोपण कार्यक्रम मार्फत उपलब्ध गराउँदै आउदै खाद्यन्नको सट्टा फलफूल उत्पादनमा ढुवानीमा बजारीकरणमा अनुदानको व्यवस्था मिलाईने छ ।
- कृषि तथा पुशजन्य उत्पादनलाई बजारीकरण गर्नका लागि कृषि एम्बुलेन्स संचालन मार्फत सहजिकरण गरिने छ ।
- कृषिजन्य वस्तुको आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र खाद्य तथा पोषण सुरक्षा प्रत्याभूत गराउन कृषि विकास कार्यक्रम प्राथमिकतामा राखी सञ्चालन गरिने छ ।
- कृषकहरुले उत्पादन गरेका फलफूलहरु र अन्य नगदेबालीहरुको भण्डारण गर्न कृषि सित गृह ( कोल्ड स्टोर) निर्माण कार्य भइसकोले सञ्चालनमा ल्याई कृषकहरुको उत्पादनमा मनग्य आम्दानी हुने गरी व्यवस्थापन मिलाईने छ ।
- "रैथाने बालीका विउहरुको संरक्षण गर्दै आफूलाई चाहिने विउ आफै उत्पादन गरौं" भन्ने नाराका साथ विउमा आत्मनिर्भर हुन रैथाने बालीहरु फापर, चिनो, कागुनो, मार्स्या लगायत अन्य बाली धान, गहु, मकै, कोदो जस्ता प्रमुख खाद्यान्न बाली एवंम दलहन र तरकारी आदिको विउविजन उत्पादनका कार्यक्रमहरु संचालनमा ल्याईने छ ।
- कृषकले उत्पादन गरेका कृषिजन्य बाली वस्तुहरुको ढुवानी सहजताको लागि गाउँबाट बजार जोड्ने कृषि सडकलाई विशेष प्राथमिकता दिईने छ ।
- प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना अन्तरगत हाल सञ्चालनमा रहेका पकेट विकास कार्यक्रमलाई निरन्तरता दिदै ब्लक र जोनका लागि क्षेत्र विस्तार गरिने छ ।
- "नगदे, रैथाने र फलफुल खेती हिमालीको पहिचान, आयत घटाइ निर्यात बढाउने हाम्रो अभियान" भन्ने नारालाई साकार पार्न वस्ती स्तरमा नै उत्पादन हुने उवा, जौं, कोदो, चिनु,

कागुनु, फापर, मार्स्या, तिलखुरी, भटमास, सिमि लगायतका रैथाने बालीको संरक्षण, सम्र्बद्धन तथा उत्पादन वृद्धि गर्नका लागि ल्याइएका आवश्यक कार्यक्रमहरुलाई निरन्तरता दिँदै बजारिकरणको समस्या भएमा गाउँपालिकाले नै खरिद गरी सो को बिक्री तथा व्यवस्थापन गर्नका लागि आवश्यक सहजिकरण गर्ने व्यवस्था मिलाईने छ।

- कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिको लागि आधुनिक प्रविधिहरुको प्रचार प्रसार र प्राविधिक सेवा सर्वसुलभ रुपमा प्रदान गर्दै व्यवसायिक विषयमा तालिम संचालन गरि कृषकहरुलाई सक्षम गराईने छ।

- माटो परिक्षणका आधारमा उपर्युक्त बाली लगाउन किसानहरुलाई जागरुक गराईने छ।

- परम्परागत मौरी पालक कृषकहरुलाई आधुनिक प्रविधि हस्तान्तरण गरी मह उत्पादनमा बृद्धि गर्न प्रोत्साहन गरिने छ।

- हिमाली गाउँपालीकामा ड्राईगन फ्रुट लगाएतको प्रत्यक्ष आम्दानी गराउन सकिने खालका खेती गर्न प्रोत्साहन गरिने छ।

- कृषक समूह, सहकारी, सरकारी तथा गैर सरकारी संस्था र स्थानिय तहहरुको साझेदारीमा कृषि कार्यक्रमहरु संचालन गर्ने नीति अवलम्बन गरिने छ।

- हिमाली गाँउपालीका वडा नं १ स्थीत **बाँममा** स्थापना भएको उच्च घनत्व स्याउ बगैचा, वडा नं.२ को **गोरचौर काँडागाँउ** र **बढखौला** वडा नं.३ **सिसेरा**, **भानडाडा** र **गुम्बा** वडा नं. ४ को **लेखवोर्ता**, वडा नं. ५ को **नदे**, **ग्याम्चु**, **आरुडाली** र वडा नं.६ को **झीनी**, **बालाफुगी**, **रवानीबाडा**, **पाँडी** गाउँका व्यवसायिक रुपमा फलफुलहरु (स्याउ, ओखर) खेती बगैचाहरुको संरक्षण गर्ने व्यवस्था मिलाईने छ।

- गाउँपालिका भित्र उत्पादित पशुपंछि बाट प्राप्त हुने कच्चा पर्दाथहरु बाट निर्मित पशुजन्य सामाग्रीहरुको उत्पादन गर्न पशुजन्य उंद्योगहरुको स्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ।

- **"उन्नत जातका गाई, भौसी, बाखा, भेडा, च्याङ्ग्रा, मत्स्यपालन व्यवसाय गरौं, पशुपन्छी व्यवसायलाई अभिबृद्धि गरी हिमाली गाउँपालिकालाई आत्मनिर्भर बनाऔं"** भन्ने मुल नारालाई साकार पार्न यस गाउँपालिकामा व्यवसायिक रुपमा पशुपालन गर्ने कृषक तथा कृषक समूहलाई उन्नत जातका बोका, थुमा, राँगा र साँडे उपलब्ध गराउदै आइराखेका क्रियाकलापहरुलाई निरन्तरता दिनुका साथै उन्नत जातका पशुहरु खरिद गरी व्यवसायिक रुपमा पशुपालन गर्न इच्छुक कृषक तथा कृषक समूहलाई ५० प्रतिशत खरिद अनुदान र १०० प्रतिशत ढुवानीको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ।

- हिमाली गाउँपालिका १, २ र ३ नं. वडालाई केन्द्रविन्दुको रुपमा रहेको बिच्छ्यांमा कृषि पशुसेवा केन्द्र स्थापना गरी संचालनमा ल्याइने छ ।
- हिमाली गाउँपालिका १,२ र ३ नं. वडालाई भेडा, बाखा व्यवसाय पकेट क्षेत्र र हिमाली गुम्बा रानीसैनलाई च्याङ्ग्रा, चौरी पालन पकेट क्षेत्रका रुपमा विकास गरिने छ ।
- कृषि तथा पशुपंक्षि बिमा कार्यक्रम संचालनका लागि आवश्यक पहल गरिने छ ।
- जुनोटिक रोग नियन्त्रणका लागि आवश्यक रणनिती अवलोकन गरिने छ । पशुपक्षी रोगथामका लागि भेटेरीनरी निरीक्षण, निगरानी, अवलोकन, उपचार, जैविक सुरक्षा प्रबर्धन कार्यलाई संचालन गरिने छ ।
- पशुपंक्षी तथा कृषि जन्य रोग नियन्त्रणका लागि साधारण ल्याब, माटो परिक्षण प्रयोगशाला, जैविक विषादी व्यवस्थापनमा आवश्यक सुधार गरिने छ ।
- ऊन मिसनका लागि भेडा प्रवर्द्धन कार्यक्रम, बाखाको साना व्यवसाय उत्पादन पकेट विकास कार्यक्रमलाई आगामी आ.व.मा निरन्तरता दिईने छ ।
- उन्नत जातका पशुपंक्षी उत्पादन गर्नका लागि कृतिम गर्भधान कार्यक्रमलाई कृषक व्यवसायि सम्म पुर्यांउने साथै व्यवसायीक पशुपालकलाई उत्प्रेरित गर्न विभिन्न अनुदान, तालिम तथा प्रोत्साहनलाई जोड दिईने छ ।
- पशुपालन क्षेत्रको विकासमा कृषक समुह, समिती, सहकारी, गैह्र सहकारि संस्था र गाउँपालिका विच साझेदारी गरिने छ ।
- हिमाली गाउँपालिकामा पाईने केतुके, अल्लो, लोक्ता लगाएतका जडिबुटीहरुलाई प्रशोधनका लागि उद्योगको स्थापना गरी रोजगारी सिर्जना गर्न आवश्यक नीति लिईने छ ।
- हिमाली गाउँपालीकामा पानीको स्रोत कम भएका टोलमा आधुनिक घट्ट र कुटानी पिसानी मिल स्थापना गरि संचालनमा ल्याईने छ ।
- हिमाली गाउँपालिकामा संचालित आलु पकेट विकास कार्यक्रमलाई निरन्तरता दिँदै हिमाली गाउँपालिकाको कवाडीमा नयाँ आलु पकेट विकास कार्यक्रम स्थापना गरिने छ ।
- टिमुर खेतीलाई बिस्तार गर्नका लागी संम्भावित क्षेत्रहरुको पहिचान गरी टिमुरका बिरुवाहरु वितरण गर्नुका साथै नर्सरी स्थापना गरिने छ ।
- हिमाली गाउँपालिका फलफुल बिरुवामा आत्मनिर्भर बन्नका लागि **१ वडा १ नर्सरी स्थापना** कार्यक्रम संचालन गर्ने गरी नीति लिईने छ ।

- हिमाली गाउँपालिका,जी.आई.जेड र अन्य साझेदार निकायको सहकार्यमा जलवायुमैत्री नमुना कृषि गाउँ कार्यक्रम संचालन गरिने छ।

- प्रत्येक वडामा प्राथमिकिकरणको आधारमा रष्टिक स्टोर र खाद्य संकलन केन्द्र निर्माण भईसकेको हुँदा संचालनमा ल्याउने गरी आवश्यक कार्य गरिने छ।

- व्यवसायीक कृषक, जनप्रतिनिधी र कर्मचारीहरुलाई कृषी अवलोकन भ्रमणको व्यवस्था गरिने छ।

- मह, आलु, प्याज लगायत अन्य नगदेबाली र तरकारी, स्याउ, ओखर, नास्पती र अमिलो जांतका फलफूलहरुमा आत्मनिर्भरका कार्यक्रमहरु सञ्चालन गरिने छ । प्रतिफल र उत्पादनमा आधारित प्रोत्साहन अनुदान दिइने छ।

- जलवायु परिबर्तनका असरहरुलाई मध्यनजर गरि जलवायुमैत्री कृषि खेतिको अभ्यासको रुपमा बिभिन्न टनेल खेती, गड्यौले मल, जलवायु मैत्रि नमुना कृषि गाउँ स्थापना आदि क्रियाकलापहरु लाई प्राथमिकता दिईने छ।

२. राजश्व परिचालन तर्फ :

- कर प्रणालीलाई राजस्व बृद्धि गर्नाका लागि करदाता शिक्षा लगायत जनचेतना मूलक क्रियाकलापहरु सञ्चालन गरिने।
- गाउँपालिकाको पर्यटकीय सम्भावना बोकेको क्षेत्रको प्रचार प्रसार गरी व्यवसायीहरुलाई गरिने छ।
- राजश्व स्वयम् सेवकको व्यवस्था गरी जडिबुटी लगाएतका क्षेत्रमा भएको अनियमिततालाई रोक्दै राजश्व संकलनमा जोड दिईने छ।
- समयमा कर नतिर्ने लाई थप जरिवाना र दण्डित गरिने छ भने लामो समय कर नतिरी अटेर गर्नेलाई गाउँपालिकाले दिने सबै सेवा रोक्का गरिने र बढी कर तिर्ने तथा समयमा कर तिर्ने कर दातालाई पुरस्कृत गर्गीने छ।
- घुम्ती शिविर मार्फत बस्ति स्तरमा समेत गई घर दैलो सबै प्रकारका राजश्व, कर संकलन अभियान सूचारु गरिने छ।
- सुरक्षा निकाय र वन उपभोक्ता समितिसँग समन्वय गरि राजश्व संकलन गर्न कर्मचारी तथा स्थानीय स्वयम् सेवक परिचालन गर्ने व्यवस्था मिलाईने छ।
- जडिबुटी उत्पादन, संकलन र प्रशोधनका साथै बजारिकरणको व्यवस्था गरी राजश्वमा बृद्धि गराईने छ।
- संवैधानिक अधिकार बमोजिम गाउँपालिकाले संकलन गर्नुपर्ने राजश्वमा कडाई गरिने छ।
- गाउँपालिका क्षेत्रभित्र उत्खनन् हुने बालुवा, गिट्टी लगाएत अन्य प्राकृतिक श्रोतको राजश्व दर निधारण गरी राजश्व संकलन कार्यमा प्रभावकारी बनाईने छ।

३. पर्यटन तर्फ:



CamScanner

- कर्णाली नदीको धुलाचौर देखि पिलुचौरसम्म मोटरबोर्ड तथा जेट स्कीम संचालनको लागि अध्ययन गरिने छ ।
- कर्णाली नदीको धुलाचौर देखि पिलुचौरसम्म र्‍यापिट्ङ सेवा सञ्चालन भईरहेको तथा कुवाडी देखि धुलाचौरसम्म र्‍यापिट्ङ सेवा सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाईने छ ।
- हिमाली गाउँपालिका हुँदै रारा जाने बाटो जोडि सकेको र बुढीनन्दा जाने सडक संजाल जोड्न काम भैरहेको हुँदा पर्यटन प्रर्वद्धनका लागि प्रचार प्रसार गरी स्थानीय नागरिकहरुलाई पर्यटन व्यवसाय जोड्ने गरी आवश्यक व्यवस्था मिलाईने छ ।
- पर्यटन क्षेत्रको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन तथा पर्यटकिय स्थलसम्मको सहज पहुँच पुगाउनको लागि हिमाली गाउँपालिकाको रानीसैन, बुढीनन्दा लगायतका क्षेत्रहरुलाई पर्यटकीय सडक सञ्जालसंग जोड्ने गरी आवश्यक कार्य अगाडी बढाईने छ ।
- सुरक्षित सडक सञ्जाल निर्माण, मन्दिर तथा देवस्थल निर्माण, गुफा व्यवस्थापन, खरी ढुङ्गा, चुन ढुङ्गाको उत्खनन्, तथा अन्य पर्यटकीय स्थलहरुको पहिचान गर्ने कार्यलाई निरन्तरता दिँदै हिमाली गाउँपालिकासँग जोडिएको कर्णाली नदिको क्षेत्रमा र्‍याफटीङ्ग सेवा निरन्तरता, रानीसैन पर्यटकीय क्षेत्रसम्म पदमार्ग यात्रा संचालन गर्ने कार्यको निरन्तरता दिईने ।
- हिमाली गाउँपालिकाको क्षेत्रभित्र रहेका ऐतिहासीक धरोहर, मठ मन्दिर, गुम्बाहरुको उचित संरक्षण कार्यलाई निरन्तरता दिँदै यस क्षेत्रको सांस्कृतिक, पर्यकटिय स्थल, स्थानीय कलाकृति, मौलिक सांस्कृतिक परम्परा रीतिरिवाजको जगेर्ना गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नका लागि डकुमेन्ट्री निर्माण गरी, सामाजिक सञ्जालबाट प्रचारप्रसार गर्ने तथा राष्ट्रिय टेलिभिजन बाट प्रसारण गर्ने लगायतका कार्यक्रमहरु सम्पन्न गरिने छ ।
- पर्यटन प्रर्वद्धन, संरक्षण, सम्वर्द्धन र पर्यटन बिकासका कार्यक्रम संचालनका लागि सम्बन्धीत सरकारी गैरसरकारी संघ संस्था लगायत अन्य क्षेत्र संग समन्वय, सहकार्यको नीति लिईने छ ।
- हिमाली गाउँपालिकाका गौरबका योजनाहरुमा र ठुला आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी आवश्यक कार्य अगाडी बढाईने छ ।
- पर्यटकीय क्षेत्रमा रुची राख्ने युवाहरुलाई ट्रेकीङ्ग गाईड, होमस्टे सञ्चालन तथा पर्यटकीय प्रवर्द्धन मुलक तालीम दिईने छ ।
- पर्यटन व्यवसाय व्यवस्थापनको लागी पालिकाको केन्द्र लगाएतका सबै सम्भाव्य स्थानमा होमस्टेहरु गुणस्तरीय र व्यवसायीक रुपमा सञ्चालन गर्ने गरी सञ्चालक लाई प्रशिक्षण दिईने छ ।
- पर्यटन प्रर्वद्धन सम्बन्धी क्रियाकलाप संचालन गरिने छ । गाउँपालिकाको पहिचान हुने तथा पर्यटन प्रवर्द्धन हुने गरि बिभिन्न सरोकार निकाय संगको सहकार्यमा विभिन्न पर्यटन पुर्वाधार निर्माणमा जोड दिईने छ ।

४. घरेलु तथा साना उद्योग तर्फ :



CamScanner

- धुलाचौरमा निर्माणाधिन रहेको औधोगिक ग्रामको निर्माण कार्यलाई तीव्रता दिदै गाउँपालिका क्षेत्र भित्र उत्पादित फलफूल लगाएत कृषि जन्य उत्पादीत वस्तु, पशुजन्य उत्पादीत वस्तु, जडिबुटी, काष्ठजन्य वस्तु, केन्के, अल्लो, लोक्ता लगाएतका अन्य बन पैदावारसंग सम्बन्धीत उद्योगहरु आगामी वर्ष बाटै केही उद्योगहरु सञ्चालन गरी रोजगारी सिर्जना गरिने छ ।
- हिमाली गाउँपालिका वडा नं. १, २ र ३ लाई लक्षित गरी बिच्छ्यामा नुन र खाद्य डिपो स्थापना गर्नको लागि आवश्यक पहल गरिने छ ।
- घरेलु तथा साना उद्योग विकास क्षेत्रमा सहयोग गर्ने निकायसँगको सहकार्यमा लघु, घरेलु तथा साना उद्यमीलाई उद्यम विकास तालिम तथा औजार, यन्त्र, उपकरण प्रदान गरिने छ ।
- स्थानीय बन पैदावर, प्राकृतिक स्रोत साधन, जडिबुटीमा आधारीत उद्योगहरु स्थापना गर्न लगानी कर्ताहरुलाई उचित वातावरणको व्यवस्था गरिने छ ।
- स्थानीय स्रोत साधन परिचालन गरि विभिन्न किसिमका आत्मनिर्भर हुने गरी मेडपा कार्यक्रमलाई थप प्रभावकारी बनाउदै सिप विकास तालिम सञ्चालन गरी स्वरोजगार बनाई आत्मनिर्भर बनाईने छ ।
- बैदेशिक रोजगारीबाट फर्किएकालाई उनिहरुको सीप र क्षमताको आधारमा स्थानीय स्तरमै प्रयोग गर्न प्रत्साहन गरिने छ ।
  - स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागी स्थानीय स्थरमा खेर गएका कच्चापदार्थको सहि सदुपयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ। बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन तथा विश्लेषण गरी रोजगार सूचना व्यवस्थापन प्रणालीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ। पालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गरिनेछ।
  - हिमाली गाउँपालिकालाई बेरोजगार मुक्त गाउपालिका बनाउने नीति लिइनेछ।
  - आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजि क्षेत्रसँग सहकार्य र समन्वयमा जोड दिइनेछ ।
  - कुनै पनि काम सानो या ठुलो हुँदैन भन्ने भावनाको जागृति गराई कामको सम्मान गर्ने परिपाटीको निर्माण गर्दै स्वरोजगार उन्मुख जिवनशैली उपर्युक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको थप व्यवस्थापन हिमाली गाउपालिकाको निति हुनेछ।

## ५. सहकारी विकास तर्फ :

- गाउँपालिका भित्र स्थापना भएका सहकारीहरुको गुणस्तर र प्रभावकारीतालाई नियमन अनुगमन र सहकारी शिक्षामा जोड दिइने छ भने थप सहकारी विस्तार तथा विकास गरी सहकारीलाई पूँजी निर्माण साथै स्थानीय नागरिकलाई स्वरोजगार उत्पादन गराउने महत्वपुर्ण माध्यमको रुपमा स्थापित गरी रोजगारी वृद्धि गर्ने कार्यमा जोड दिईन छ ।
- सहकारीको दिगोपना र विश्वसनियता वृद्धि हुने गरी सहकारी सञ्चालनमा जोड दिईने छ ।
- अन्य संघ सस्था संगको सहकार्यमा सहकारीकर्मी तथा सरोकारवालालाई प्रशिक्षण लगायत अन्य कार्यक्रम संचालन गराउने नीति लिईने छ ।

## ६. बैंक तथा वित्तिय तर्फ :

- सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमलाई व्यवस्थीत, भरपर्दो एवंम छिटो छरितो बनाउन बैंकको समन्वयमा घर दैलोमा वितरण गर्ने कार्य अघि बढाईने छ ।

- बैंक तथा वितिय सेवा सरल सहज पहुच योग्य हुने गरी शाखा विस्तार तथा प्रविधि मैत्री बैंकीङ्ग सेवा प्रदान गर्न तथा सेवा लिनको लागी बैंकीङ्ग निकाय र नागरीक दुवैलाई उत्प्रेरीत गरीने छ भने सामाजीक सुरक्षा भत्ता समयमा वितरण गर्न र बैंकको कार्यबोझ कम गर्नको लागि पायक पर्ने स्थान मिलाएर पुनः बैंक खाता खोली भत्ता वितरण गर्ने कार्यलाई सरलीकरण गरीने छ ।

(ख) सामाजिक विकास तर्फ :

माननीय सदस्य ज्युहरु

१. शिक्षा तर्फ :

- गुणस्तरिय शिक्षा र प्रविधिमा आधारित शिक्षा विकासका लागि सबै सामुदायिक विद्यालयहरुमा इन्टरनेट सेवा उपलब्ध गराई डिजिटल शिक्षामा जोड दिने गरी बजेट व्यवस्थापन गरिनेछ ।
- स्वच्छ विद्यालय, स्वस्थ विद्यार्थी कार्यक्रम संचालन गरी विद्यालयको भौतिक व्यवस्थापन संगै छुट्टै भान्से, भान्साकोठा, खाजाघर, शुद्ध खानेपानी र शौचालयको निर्माण गरिनेछ ।
- शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विषयगत शिक्षकको व्यवस्थासंगै कक्षा ५ र ८ का लागी रिमिडियल कक्षा संगै अतिरिक्त कक्षा को व्यवस्था मिलाईनेछ ।
- ECD तथा विद्यालयका सम्पुर्ण शिक्षकहरुको क्षमता विकासका लागी मेन्टरिङ, सुपरिवेक्षण र पुनर्ताजकी तालीम सचालनको व्यवस्था गरिनेछ ।
- विद्यालयको शैक्षिक तथ्याङ्क व्यवस्थापन प्रणाली (EMIS) लाई दुरुस्त बनाउन प्राविधिक सहयोग सहित लेखा, EMIS क्षमता अभिवृद्धि तालिमको बजेट व्यवस्थापन गरिनेछ ।
- विद्यार्थीको सर्वाङ्गिण विकासका लागी अन्तरविद्यालय अतिरिक्त क्रियाकलाप संचालन गर्ने नीति लिईनेछ ।
- विद्यालयको दैनिक कामकाज देखी वार्षिक क्रार्यक्रममा एकरुपता र सहजतता कायम गर्न शैक्षिक क्यालेन्डर लगायत शैक्षिक सुधार योजना निर्माण गरिनेछ ।
- बिच्छचौं मा.वि. लाई स्रोतपुर्ण बनाई मिनि स्रोतकेन्द्रको रुपमा विकास गरिनेछ ।
- स्थानिय पाठयम निर्माण भईसकेको हुँदा स्थानिय पाठयपुस्तक तयार गरि संचालनमा लाईने छ ।
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाइ निरन्तरता दिन सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुको स्वास्थ्य परीक्षण तथा प्राथमिक उपचार कार्यक्रम विस्तार गरिने छ ।
- युवाहरुको व्यक्तित्व विकासका लागी परामर्श सल्लाह जस्ता कार्यक्रम संचालन गर्नुका साथै स्वयम् सेवा परिचालन कार्यक्रम संचालन गरिनेछ ।
- युवाहरुको सहभागीता, विकासमा सुनिश्चितता भन्ने नारालाई साकार पार्न नेतृत्व विकास सम्बन्धि कार्यक्रम संचालन गरी युवाहरुलाई सबै प्रकारका विकास कार्यमा सहभागी गराउने नीति लिईनेछ ।
- उत्कृष्ट नतिजा ल्याउने विद्यालयका विद्यार्थी, शिक्षकलाई पुरस्कृत गरिने छ ।
- विद्यालयको प्रशासन संचालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन प्र.अ. नेतृत्व विकास तथा क्षमता विकास तालिम कार्यक्रम ल्याइनेछ ।
- विद्यालयको अनुगमन, सुपरिवेक्षण कार्यको गति बढाई समय समयमा पृष्ठपोषण प्रदान गरिनेछ ।
- विद्यालयमा शिक्षक तथा कर्मचारीको नियमितता गराउन सबै विद्यालयमा ई-हाजिरीको व्यवस्था गरिनेछ ।

- विशेष गरी कक्षा ८ को गाउँपालिका स्तरीय परिक्षाको गुणस्तरीय कायम गर्दै विद्यार्थीको सिकाई उपलब्धि वृद्धिका लागी कक्षा ५ को परिक्षा समेत गाउँपालिका स्तरीय बनाउने व्यवस्था मिलाईनेछ ।
- पालिका भित्रको शैक्षिक गुणस्तर सुधार गर्न अध्यक्ष संग शिक्षक, अभिभावक, विद्यार्थी, शि.अ.संग र आम सरोकार वाला संग बहुपक्षिय अन्तर्क्रीया कार्यक्रम संचालन गर्ने निति लिईने छ।
- शिक्षक दरबन्दि नभएका र विद्यार्थी सख्या बढी भएका विद्यालयहरुलाई शिक्षक अनुदानको व्यवस्थालाई निरन्तरता दिदै प्रत्येक मा.वि. र नि.मा.वि. तह संचालन भएका विद्यालयहरमा विषयगत शिक्षक दरबन्दि मिलान गरिने निति दिईनेछ।
- स्वच्छ, सफा, हरियाली विद्यालय अभियान अन्तरगत सम्पूर्ण विद्यालयमा वृक्षारोपण कार्यक्रम संचालन गरि एक विद्यालय एक करेसावारी अनिर्वाय बनाउनु पर्ने साथै १२ महिना हरियो तरकारी अभियान संचालन गर्ने नीति लिईने छ ।
- हिमाली गाउँपालिका अन्तरगत भौगोलिक अवस्था तथा विद्यार्थीको पहुँच हेरी विद्यालयलाई आवासीय विद्यालय बनाउने गरि आवश्यक कार्य अगाडी बढाईने छ ।
- एक विद्यालय एक पुस्तकालय साथै ई—पुस्तकालयलाई समेत प्रत्येक विद्यालयमा विस्तार गरी शिक्षण सिकाईलाई आधुनिक प्रविधी मैत्री बनाई अनिवार्य कार्यान्वयन गर्ने निती लिईनेछ।
- महिनावारीका कारण पढाई छोडनुपर्ने अवस्थालाई अन्त्य गर्नका लागी प्रत्येक विद्यालयमा सेनेटरी प्याड उपलब्ध गरानिका साथै स्थानिय स्तरमा समेत निमार्णका लागि तालिमको व्यवस्था र स्यानिटरि प्याड डिस्पोज गर्नका लागि डिस्पोज मेसिनको व्यवस्था मिलाइने छ ।
- बिद्यालय बाहिर रहेका विद्यालय उमेर समुहका सबै वालबालिकाहरुलाई विद्यलयको पहुँच भित्र ल्याउनका लागि बिभिन्न कार्यक्रमहरु सञ्चाल गरिने छ ।
- प्रत्येक विद्यार्थीहरुमा भएको अन्नतरनिहित प्रतिभाहरुलाई प्रस्फोटनका लागि पालिका स्तरका विद्यालय बिच प्रस्तिपधाको लागि हाजिरजवाफ, वक्तित्व कला, अध्यक्ष कप तथा राष्ट्रपति रनिङ शिल्ड जस्ता कार्यक्रम लाई निरन्तरता दिइनेछ ।
- कक्षा १ देखि ३ सम्मका अति विपन्न दलित अपाङग टुहुरा भएका बालबालिका लाई शिक्षाको पँहुचमा ल्याउनका लागि विद्यालयको तथ्याकंका आधारमा शैक्षिक सामाग्री निःशुल्क दिने व्यवस्था गरिने छ।
- १० वर्षे गाउँ शिक्षा रणनिती योजना निमार्ण गरी शिक्षा व्यवस्थित गुरुयोजना बनाउने निती लिईनेछ ।
- गरिब, दलित, अपाङ्गता भएका व्यक्ति जनजाती र लोपोउन्मुख समुदायका बालबालिकाहरुलाई उच्च शिक्षामा छात्रवृद्धिको व्यवस्था लाई निरन्तरता दिईनेछ ।
- समायोजन हुने विद्यालयहरुलाई तथा अंग्रेजी माध्यमवाट सन्चालन भएका विद्यालयलाई विशेष व्यवस्था गरी प्रोत्साहन दिने निती लिईनेछ ।
- प्रत्येक विद्यालयको अनुसासन, शुसासन, सिकाई उपलब्धी सरसफाई लगायतका सुचांकको आधारमा नमुना विद्यालय छनौट गरि बार्षीक पुरस्कृत गर्ने निति लिईनेछ।
- सानैबाट बालबालिकाहरुलाई खेलकूद प्रति आकर्षित बनाउन प्रत्येक विद्यालयमा खेलकुद सामाग्रीहरु उपलब्ध गराइने छ।
- प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थीहरुका लागि पढ्दै कमाउदैं कार्यक्रम अगाडी बढाईने छ ।
-
- एकीकृत दिवा खाजा कार्यक्रमलाइ निरन्तरता दिदै थप व्यवस्थित गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

स्वास्थ्य तर्फः

- गुणस्तरिय स्वास्थ्य सेवा पुर्याउनका लागी सवै समुदायका स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य सेवामा इन्टरनेट सेवा जडान कार्य भएको र टेलीमेडिसिन सेवा सुचारु गर्ने गरी आवश्यक कार्य गरिने छ ।
- संस्थागत सुत्केरी गराउनका लागी थप बामु, बोर्ता, क्यूडी र पौंडीमा वर्थीङ सेन्टर चलाउने गरी जनशक्ति व्यवस्थापनमा जोड दिईने छ ।
- हिमाली गाउँपालिका वडा नं ३ को बौडीमा गाउँघर क्लिनिक स्थापना गर्न आवश्यक व्यवस्था मिलाउने छ ।
- दुरदराजका नागरिकहरुलाई विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचसँग जोड्न विभिन्न स्वास्थ्य सिविर संञ्चालन गरीने छ ।
- चौविसै घण्टा स्वास्थ्य सेवामा खटिने स्वास्थ्यकर्मीलाई थप प्रोत्साहनको व्यवस्थापन मिलाईने छ ।
- हिमाली गाउँपालिका वडा नं ५ को वक्षाँ गाउँमा स्वास्थ्य संस्था संचालन गर्ने गरी आवश्यक कार्य गरिनेछ ।
- आधारभुत स्वास्थ्य संस्थामा ई-हाजिरको व्यावस्था मिलाईने छ।
- पालिकाकाका दुर्गम वस्तीका लागि घुम्ती सेवा शिविर संञ्चालन गरि भिडीयो एक्सरेको व्यवस्था गरिने छ ।
- हिमाली गाउँपालिकाका नागरिकहरुका लागि एम्बुलेन्स सेवालाई थप व्यवस्थित बनाईने छ ।
- गर्भवती, सुत्केरी महिलाहरुलाई र आपतकालिन अवस्थामा अस्पतालसम्म पुगाउनको लागि निःशुल्क एम्बुलेन्स सेवा साथै आवश्यकताको आधारमा थप आर्थिक सहायता प्रदान गरिने छ ।
- उपचार खर्च नभएकै कारण कसैले पनि ज्यान गुमाउनु नपरोस् भन्ने उधेश्यका साथ क्यान्सर रोगबाट पिडित व्यक्तिहरु, मुटु रोग , मृगौलाको अपरेसन तथा डाईलाइसिस गर्नुपर्ने समस्या भएका व्यक्तिहरु, दुर्घटनामा परि मेरुदण्ड, अन्य भाइटल अंग एवं टाउकोमा चोटपटक लागि अपरेसन सम्म गर्नुपर्ने अवस्थाका विपन्न परिवारका नागरिकहरुलाई विशेष उपचार खर्च सहायता उपलब्ध गराउने गरि बजेटको व्यवस्था मिलाइने छ ।
- पाठेघर खसेका महिलाहरुको सम्पुर्ण उपचार खर्च गाउँपालिकाले व्यहोर्ने गरि बजेटको व्यवस्था मिलाइने छ ।
- हिमाली ५ क्यूडीमा स्वास्थ्य चौकी भवन र धुलाचौरमा गाउँपालिका स्तरीय आइसोलेसन सहितको वर्थीङ सेन्टर भवन निर्माण गरिने छ ।

- महिला स्वास्थ्य स्वयमसेविकाको मनोबल उच्च राख्न आवश्यक बजेट सहित, आवश्यक कार्यक्रमको व्यवस्था मिलाईने छ ।
- "म, मेरो स्वास्थ्य र मेरो जिम्मेवारी" भन्ने नारालाई अंगीकार गर्दै यस गाँउपालिकाका सवै वडामा स्वास्थ्य विमा गर्न जनतालाई प्रोत्साहित गरिने छ ।
- कुपोषणबाट प्रभावित रहेको समस्यालाई सम्बोधन गर्न स्वास्थ्य पोषण कार्यक्रम र अन्य जनस्वास्थ्यका कार्यक्रमलाई जोड दिई पूर्ण पोषण युक्त गाउँपालिका कुपोषण मुक्त गाउँपालिका घोषणा गर्ने गरि आवश्यक कार्य गरिने छ ।
- वहुक्षेत्रिय पोषण कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरीने छ ।
- गुणस्तरीय खोप सेवालाई प्रर्वद्धन गर्नका लागि कोल्ड चेन कायम राख्न गाउँपालिका तहको कोल्ड चेन गुणस्तर सुनिश्चित गर्न आवश्यक प्रक्रिया अगाडि बढाइने छ ।
- परिवार स्वास्थ्य लगायत यौन तथा प्रजनन् स्वास्थ्यलाई एकीकृत सेवाको रूपमा कार्यान्वयन गरिनेछ ।

गोविन्द बहादुर मल्ल
गाउँपालिका उपाध्यक्ष

- युवा तथा किशोरकिशोरीमैत्री स्वास्थ्य सेवाको अवधारणालाई सम्पूर्ण स्वास्थ्य सेवाप्रदायक संस्थाहरूमा समावेश गरी विद्यालय स्वास्थ्य कार्यक्रमसंग समायोजन गराइनेछ ।
- नागरीकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य क्षेत्रमा काम गर्ने सरकारी एवम गैरसरकारी संघसंस्थाका साझेदार निकाय संगको समन्व तथा सहकार्यलाई थप प्रभावकारी बनाउने नीति लिइनेछ ।
- स्थानीय तहमा संघीय सरकार र प्रदेश सरकारकोको नीति तथा कार्यक्रम बमोजिमका प्राप्त हुने राष्ट्रिय कार्यक्रमहरु उपलब्धि मुलक हुने गरि कार्यन्वयन गर्ने नीति लिइने छ ।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक तर्फः**

- १६ दिने महिला हिंशा दिवस, नारी दिवस, तीज विशेष कार्यक्रम,नेपाली संस्कृति जोगाउन स्थानीय पर्व जस्ता कार्यक्रम संचालन गरि महिला शशक्तिकरणमा जोड दिईने छ ।
- न्यायिक समितिलाई सकृय गराई महिला प्रति हुने सबै प्रकारको हिंशा तथा विभेदमा छिटो न्याय दिने कुरालाई प्राथमिकता दिईने छ ।
- बालविवाह, बहुविवाह, छाउपडी तथा छुवाछुत जस्ता कुपर्था र कुसंस्कृती लाई न्यूनीकरण गर्न विभिन्न कार्यक्रमहरु संचालन गर्ने नीति लिईने छ ।
- बालविवाह न्यूनिकरणको लागि उपाघ्यक्ष सँग किशोरी कार्यक्रम संचालन गरिने छ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुचिश्चित गर्नका लागि आवश्यक कार्यक्रमहरु संचालन गर्ने निती लिइने छ ।
- आपतकालीन बाल संरक्षण, आपतकालीन महिला संरक्षणको लागि कोषको रुपमा रकम विनियोजन गरि परिचालन गरिने छ ।
- एकल महिलाहरुका लागि उद्यमी तथा व्यवसायिक बनाउनका लागि गाउँपालिकाले तत्थ्याकं संकलन गरी आवश्यक सीप र तालिकको व्यवस्था गरिने छ ।
- दलित सशक्तीकरण कार्यक्रम संचालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गर्ने नीती लिइने छ ।
- यूवा क्लब, बाल क्लबहरुको गठन, दर्ता, तथा व्यवस्थापन कार्यमा जोड दिँदै यूवा तथा बालबालिका शशक्तीकरण कार्यक्रम संचालन गरिने छ ।
- प्रत्येक वडामा लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम संघ सस्थाहरुसँगको साझेदारीमा संचालन गरिने छ ।

**सामाजिक सुरक्षा तर्फः**

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको पहिचान तथा नवीकरणमा सहजता र पारदर्शिता तथा भत्ता वितरणको कार्यलाइ थप प्रभावकारी बनाउन राष्ट्रिय परिचय पत्र नम्बरको माध्यामबाट बायोमेट्रिक भेरीफिकेसन गर्नका लागि ७ वटै वडा कार्यालयहरुका लागि बायोमेट्रिक भेरीफिकेसन मेसिन खरिद गर्न आवश्यक बजेटको व्यवस्था मिलाइने छ।
- गाउँपालिका भित्रका ५५ वर्ष भन्दा माथि र ६८ वर्षभन्दा तलका अविवाहित पुरुषलाई गाउँपालिकाको तर्फ बाट मासिक रु २०० पाउने गरी सामाजिक सुरक्षा भत्ता दिने व्यवस्था मिलाईने छ ।
- गाउँपालिका भित्रका ६५ वर्ष भन्दा माथि र ६८ वर्ष भन्दा तलका जेष्ठ नागरिकहरु र ग र घ वर्गका सम्पूर्ण अपाङ्गहरुलाई सामाजिक सुरक्षा भत्ता कार्यक्रममा हाल खाइरहेका भत्तामा जेष्ठलाइ रु

१०० र ग र घ वर्गका अपाङ्गहरुलाई रु १०० का दरले बृद्धि गर्ने गरि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

- अपाङ्गमैत्री संरचनामा निर्माणमा जोड दिईने नीति लिईने छ ।
- व्यक्तिगत घटना दर्ता अभियान संचालन गर्न वर्षको एक पटक प्रत्येक वडाहरुमा घुम्ती सेवा संचालनका लागि आवश्यक जनशक्ति परिचालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाइने छ ।
- वडा कार्यालयबाट पञ्जिकरणका सेवाहरु नागरिकहरुलाई उपलब्ध गराईने छ ।
- हलिया तथ्यांक संकलन एवं हलिया व्यवस्थापन कार्यमा जोड दीने छ ।
- कार्यस्थलमा हुने यौनजन्य हिंशा लाई निरुत्शाहित गर्दै हिंशा पिडित महिला हरुलाई न्यायिक सहायता गर्ने गरि अवश्य व्यवस्थापन मिलाइने छ ।

(ग) पूर्वाधार विकासतर्फ नीतिहरु:

**गाउँ सभाका सदस्य ज्युहरु,**

- हिमाली गाउँपालिकाका गौरवका आयोजनाहरुमा जस्तै १० सैया अस्पताल, कवाडी जलविद्युत आयोजना, वृहत लिफिटङ्ग खानेपानी आयोजना, औद्योगिक क्षेत्र, जडीबुटि उद्योग, विच्छयाँ रानिसैन सडक, धुलाचौर बुढिनन्दा सडक, धिम फैती रुगीन विच्छयाँ सडक निर्माण आयोजनाहरुलाई निरन्तरता दिईने छ ।

- हिमाली गाउँपालिका सबै निर्माण भएका सडकको स्तरउन्नती गर्नुको साथै हिमाली गाउँपालिकाको सडक सञ्चालसँग नजोडिएका बस्तीहरु क्युडी, वक्षाँ र वडा नं १,२ र ३ मा सडक पुगाउने गरी बजेट व्यवस्थापन मिलाईने छ ।

- नयाँ वनाईने सडकहरुका लागि वायोईन्जिनिरियङ्ग अवधारणा ल्याईने छ ।

- ✓ असारे बजेट खर्च गर्ने परम्परालाई निरुत्साहित गर्दै निर्माण कार्यलाई समयमानै सम्पादन गर्ने गरी आवश्यक कार्य गरिने छ ।

- ✓ नजिकै रहेको कर्णालीको पानी लिफिटङ्ग प्रणालीद्धारा धुलाचौरमा खानेपानी र सिचाइका लागि प्रयोग गरिने छ ।

- ✓ हिमाली गाउँपालिकामा रहेका बाँझो जग्गा,जमिन र सडक किनारामा वृक्षारोपण कार्यक्रम संचालन गरिने छ ।

- ✓ गाउँपालिका बाट बजेट विनियोजन गर्दा गाउँपालिकाका गौरवका आयोजना, आर्थिक लाभ हुने, रोजगारी सृजना हुने, पुराना तथा अधुरा आयोजनाहरुलाई मर्मत सम्भार तथा पुरा गर्ने विद्युत, खानेपानी, सडक, सञ्चार, सिचाई योजनामा बजेट विनियोजनमा प्राथमिकता दिईने छ ।

- ✓ धुलाचौर आसपास लगायतका बजार क्षेत्रको फोहोर व्यवस्थापनका लागि कुहिने र नकुहिने फोहोर व्यवस्थापनका लागि धुलाचौरमा डम्पिङ साइट निर्माण कार्य लाई थप व्यवस्थित गरिने छ ।

- ✓ स्थानीय स्तरमा पाइने निर्माण सामाग्री जस्तै ढुगां, बालुवा, गीट्टीको दर रेट निर्धारण गरि लागु गरिने छ ।
- ✓ भवन मापदण्ड लागू गरी नयाँ घर टहरा निर्माण गर्दा नक्सा पास गर्नुपर्ने छ साथै सुरक्षित निजि आवासको लागि यस गाउँपालिका भित्रका कुनै पनि नागरिकलाई निशुल्क परामर्श सहित घरहरुको नक्सा उपलब्ध गर्ने व्यवस्था मिलाईने छ ।
- ✓ स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९को दफा ५७ बमोजिम घर वहाल कर दफा ५८ बमोजिम व्यवसाय कर र दफा ५९ बमोजिम वहाल बिटौरी शुल्क उठाउने व्यवस्था मिलाईने छ ।
- ✓ यस हिमाली गाउँपालीका भित्रका १ देखी ७ वडा मा रहेका सम्पूर्ण सरकारी र सार्वजनिक जग्गा को फिल्ड रेखाङ्कन गरी व्यक्तिगत प्रयोजनको लागी अतिक्रमण गरिएका जग्गाको सरक्षण गर्ने व्यवस्था मिलाइने छ ।
- ✓ कित्ताकाट विनाका जग्गा पास यस पालीका स्तरबाटै प्रत्येक महिनाको एक पटक पालीकामा नै जग्गा पास गर्ने आवश्यक व्यवस्था मिलाईने छ ।

- ➢ एक लाख सम्मको विनियोजित योजनाको मर्मत सभार कोष कट्टी नगर्ने नीति लिईने छ ।जग्गा वर्गिकरण गरि करको दायरामा ल्याईने छ ।
- ➢ प्रत्येक ठुला आयोजनाको हकमा अनिवार्य डि.पी.आर तयार गरि कार्य अगाडी बढाईने छ ।
- ➢ बिपत व्यवस्थापन लगाएत सडक निर्माण तथा मर्मत र अन्य आयोजनामा मर्मत गर्नका लागि पालिकाको ब्याक लोडर (डोजर) थप व्यवस्थित गरिने छ ।

**रोजगार तर्फ :**

- ➢ युवा लक्षित रोजगार कार्यक्रमलाई जोड दिईनुको साथै गरीव तथा विपन्न दलित आदीवासी जनजाती एकल महिला न्यून आए भएका व्यक्तीलाई रोजगारीमा प्राथमिकता दिइने छ ।
- ➢ प्रधानमन्त्री रोजगार कार्यक्रमको उदेश्य र कार्य नीतिका सम्वन्धमा स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी तथा नागरिक समाजसंग छलफल तथा अर्न्तक्रिया गर्ने (आफ्नै पौरख आफनै गौरव) कार्यक्रम संचालन गरिने छ ।
- ➢ स्थानीय तहबाट रोजगार मन्च गठन गरी रोजगारीका सम्भाव्यताको पहिचान समस्याको निदान र रोजगारी नविनतम उपायको विधि विधान विकास रोजगारी नीति कार्यक्रमका सम्वन्धमा छलफल गर्न क्रियाकलाप रोजगार नीति विकासको विधि संचालन गरिने छ ।

२. विद्युत तथा उर्जा तर्फ :

- ➢ हिमाली उज्यालो कार्यक्रम भन्ने नारालाई साकार पार्न कुवाडी लघु जलविद्युत आयोजनाका प्रसारणको लाईन वडा ४ र ५ का विजुली पुग्न बाँकी रहेका वस्तीका साथै वडा नं. ६ बोल्ढीक र धिममा प्रसारण लाईन विस्तार गरिने छ ।

जीतेन्द्र बहादुर मल्ल
गाउँपालिका अध्यक्ष



CamScanner

➢ कादुरी संस्थासँगको समन्वयमा हिमाली गाउँपालिका वडा नम्बर १, २ र ३ लघु जलविद्युत योजना निर्माण कार्य सुरु भैसकेको र आगामी बर्षमा वडा बस्तीमा विजुली बत्ती झिलिमिली गर्ने गरी बजेट मिलाईने छ ।

➢ यस गाउँपालिकाको वडा नं. ३ गुम्बा गाउँ लगाएत विद्युत नभएको बस्तीहरुमा विभिन्न संघ संस्था र सरकारी निकायहरु सँग समन्वय साझेदारी गरि बैकल्पिक सौर्य ऊर्जाको लागि आवश्यक कार्य गरिने छ ।

३. सिँचाई तर्फ :

➢ नजिकै रहेको कर्णालीको पानी लिफ्टिङ्ग प्रणाली द्धारा खानेपानी र सिचाँइका निम्ती प्रयोग गरिने छ ।

➢ गाउँपालिकाको सम्भव भएका स्थानहरुका खेती योग्य जमिन बाँझो नराख्नको लागि सिचाँई सेवा विस्तारमा जोड दिईने छ ।

४. सञ्चार तर्फ :

➢ गाउँपालिकाको वेबसाईटलाई अध्यावधिक राखी महत्वपूर्ण निर्णय, जानकारी र सूचनाहरुलाई वेबसाईटमा राख्ने कार्यलाई प्रभावकारी बनाईने छ ।

➢ गाउँपालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा सुविधाहरुलाई क्रमशः सफ्टवेयर प्रणाली तथा विद्युतीय माध्यमबाट सचालन गर्दै लगिने छ ।

➢ गाउँपालिकाका समग्र गतिविधिहरुलाई वार्षिक, अर्धवार्षिक बुलेटिन प्रकाशन गरि सार्वजनिक गरिने छ ।

➢ संचार तथा सूचना प्रविधिको प्रयोगमा आम नागरिकको पहुँच अभिवृद्धि गरिने छ । शिक्षा, स्वास्थ्य, विकास निर्माण र सेवा प्रवाह लगाएतका क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिने छ ।

➢ गाउँपालिका वा वडा कार्यालयबाट सम्पादन गर्ने कार्यलाई कम कागज (Paper Less) विधि अपनाउँदै विद्युतीय प्रणालीको उपयोगलाई बढवा दिईने छ ।

➢ गाउँपालिका भित्रका सबै बस्तीलाई इन्टरनेटको पहुँचमा ल्याउने गरी आवश्यक कार्य गरिनेछ ।

➢ रेडियो, टेलिभिजनमा अर्न्तरसंवाद, अन्तरक्रिया तथा सुचना, जानकारी मुलक कार्यक्रम सचालनमा जोड दिईने छ ।

➢ दुर्गम तथा पिछडिएको क्षेत्रका नागरिकहरुलाई टेलिफोनको पहुँचमा ल्याउन हिमाली गाउँपालिका वडा नं १ बिच्छयाँ वडा नं ५ कुवाडी र वडा नं ३ को गुम्बामा फोनको टावर निर्माण गर्नका लागि आवश्यक कार्य अगाडी बढाइने छ ।

(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ :

गाउँ सभाका सदस्य ज्युहरु,

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

❖ गाउँपालिकामा भएका विद्यमान प्रकोपहरु तथा त्यसबाट हुने विपदजन्य अवस्था र क्षतिको पहिचान गरी तिनको न्यूनीकरण गर्न समाधानका उपायहरु पहिचान गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ ।

❖ गाउँपालिका क्षेत्रमा लोप हुँदै गएका तथा पशुजन्य घाँसका विरुवा तथा घाँसे चरीचरण उत्पादनमा जोड दिई नीजि तथा सामुदायिक वनको खाली तथा बाँझो जग्गामा वृक्षारोपण कार्यलाई पशुजन्य उत्पादन र /उत्पादकत्व बढाउने कार्यलाई प्राथमिकता दिइनेछ ।

❖ यस गाउँपालिकामा विपद्जन्य बाढी पहिरोको कारण विस्थापित भएका फैती दलित वस्ती र क्युडी बस्तीका निर्माणधिन घरहरु निर्माण कार्य सम्पन्न गरी सम्झौता बमोजिम लाभग्राहीलाई रकम उपलब्ध गराउने र बोर्ता गाउँ बोल्धीक गाउँ, बक्षाँ गाउँ लगाएत हिमाली १, २ र ३ का प्राकृतिक प्रकोप प्रभावितहरुका घरहरु पुन: निर्माणको लागि आवश्यक पहल गरिने छ ।

❖ वन उपभोक्ता समिति संगको सहकार्यमा वन तथा वातावरण सम्वन्धि कार्यक्रमहरु संचालन गर्दा जैविक विविधता संरक्षण, जलवायु परिवर्तन अनुकुलन तथा गरिव तथा विपन्न वर्गको जिविकोपार्जनमा मद्धत पुर्‍याउने कार्यक्रमहरुलाई विशेष प्राथमिकता दिइने छ ।

❖ प्रत्येक वडाहरुमा विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन सामाग्रीहरु र खोज तथा उद्धारका लागि आवश्यक पर्ने न्यूनतम सामाग्रीहरुको व्यवस्था गरिने छ ।

❖ वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई खोज तथा उद्धार र राहतको लागि बजेट व्यवस्था गरिने छ ।

❖ विपद् जोखिम न्यूनीकरणमा कार्यरत विभिन्न सरकारी, गैरसरकारी तथा अन्य सरोकारवालाहरुको भूमिका पहिचान गरी समन्वयात्मक ढंगले एकिकृत रुपमा कार्यक्रम कार्यान्वयनको सुनिश्चितता गरिने छ ।

❖ प्रारम्भीक चरणमा फोहोर मैला व्यवस्थापनको लागि प्रत्येक वडा टोल टोलमा टोल सुधार समिति मार्फत पुर्ण सरसफाई अभियानको थालनी गरिने छ ।

❖ विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिई आवश्यक बजेट विनियोजन गरिने छ । साथै सो कोषको रकम महामारी, दैवि प्रकोप तथा विपद् व्यवस्थापन र उद्धारमा खर्च गरिने छ ।

❖ दैविक प्रकोपका कारण पालिका भित्रका कुनै नागरिकहरुको धनजनको क्षेती हुन पुगेमा आवश्यक राहत वितरण र उद्धारको लागि निशुल्क एम्बुलेन्स परिचालनको व्यवस्थापन गरिने छ ।

गाउँपालिका अध्यक्ष

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

- ❖ वातावरण संरक्षण र सिंचाईलाई समेत उपोयोगिको रुपमा लिईने गरी प्राचिन पोखरीको संरक्षणमा जोड दिईने छ। साथै ग्रीनहाउस निर्माण तथा खरिद र वितरण गरीने छ।

- ❖ स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र (LEOC) स्थापना गरिने छ।

- ❖ विपद्का समयमा खाद्य श्रृङखला अवरुद्ध हुने हुँदा आवश्यकताका आधारमा खाद्यान्न ढुवानीमा अनुदान दिइने छ।

- ❖ यस गाउँपालिकावासि दैविक प्रकोपमा परि कसैको ज्यान गएमा गाउँपालिकाले दाह सस्कारको लागि आवश्यक रकम तथा अन्य बन्दोवस्त उपलब्ध गराइने गरि बजेट व्यवस्थापन गरिने छ।

- ❖ संघ तथा प्रदेश संगको सहकार्यमा जलाधार, झरना आदीको संरक्षण तथा भु-संरक्षणमा जोड दिईने छ।

- ❖ वन्यजन्तुको चोरी शिकारी, वन डढेलो र अवैध रुपमा जडिवुटीको चोरी निकासीलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न सुरक्षा संयन्त्रको सहयोगमा एकिकृत घुम्ती अनुगमन वर्षको २ पटक विशेष प्राथमिकताका साथ गरीने छ।

- ❖ निजी आवास निर्माण अनुमती दिदा अनिवार्य रुपमा २ रुख रोप्ने गरी प्रतिवद्धता गराई सम्पन्न दिदा बिरुवा रोपेका आधारमा मात्र सम्पन्न प्रमाण पत्र दिईने छ।

- ❖ वन फँडानी र क्षयीकरण घटाउने कार्य र वृक्षारोपणलाई उच्च प्राथमिकतामा सञ्चालन गर्ने।

- ❖ यस पालिकाको क्षेत्रका संवेदनशील र जोखिममा रहेका सिमसार, पोखरी, ताल तलैयाहरुको संरक्षण गर्ने कार्यक्रम समावेश गरि स्थानीय युवा महिला र सामाजिक संघ संस्थाहरुको सहभागितामा अभियानको रुपमा सञ्चालन गर्ने।

- ❖ विपद बाट बच्नको लागी पुंर्व तयारी सम्वन्धी नितिगत , संरचनागत, श्रोत साधन र औजार उपकरण सबैको प्रवन्ध गरीने छ।

- ❖ फोहोर मैला व्यवस्थापनला लागी निजि क्षेत्र संग साझेदारी गरि फोहोर मैला संकलन र बिसर्जन गर्ने निति लिइने छ।

- ❖ रानिसैन जस्ता पर्यटकीय क्षेत्र लाई संरक्षण गरिने र देश विदेशमा चिनाउने कार्य गर्नुका साथै आउने पर्यटकका लागि बासस्थानको व्यवस्था मिलाउने प्रवन्ध गरिने छ।

- ❖ हिमालीका सम्पुर्ण वडाहरुमा **clothes bank** को व्यवस्थापन गरिने छ।

(ङ) सुशासन तथा संस्थागत विकास समिति तर्फ :

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

सभाका सदस्य ज्युहरु

१. मानव संशाधान सम्बन्धि नीतिः

- कुपोषण र गरिबीको मुल कारक तत्वको रुपमा रहेको बालविवाहलाई न्यूनीकरण गर्न उच्च शिक्षा हासिँल गरी कानूनीरुपमा उमेर पुगेर बिवाह गर्ने छोरीहरुलाई उचित पुरस्कारको व्यवस्था मिलाईने छ ।
- कर्मचारीहरुको कार्य प्रकियालाइ बैज्ञानिक ढङगले ब्यावस्थापन गर्न समय सापक्षे विभिन्न सिपमुलक तालिम तथा सेवाकालिन तालिम संचालन गरिनेछ । विभिन्न शाखा प्रमुखहरु सँग कार्यसम्पादन करार गरी काम गर्ने कार्यको थालनि गरिनेछ ।
- यस आर्थिक बर्षमा सबै वडा कार्यालयमा डिजिटल नागरीक वडा पत्र राखी वडा कार्यालय बाट गरिने काम हरु डिजिटाईजेसन प्रणाली लाई प्राथमिकीकरणका आधारमा लैजाने व्यवस्था मिलाईने छ।
- गाउँपालिका गतिविधि सम्बन्धमा चौमासिक र बार्षिक बुलेटिन प्रकाशान गरिनेछ ।
- कर्मचारी र पदाधिकारीको मनोबल उच्च राख्न सकारात्मक सोच लगाएत विभिन्न तालिम तथा १० दिने आन्तरीक पर्यटकिय भ्रमण जस्ता कृयाकलापलाई प्राथमित्का दिईनेछ भने काम नगर्ने जिम्मेवारी नलिने सूचना प्रविधि मुलक टेक्नोलोजि प्रयोग गर्न नजान्ने तथा नसक्ने गाउँपालिकाको समग्रह विकाश गतिविधि र सेवा प्रवाहमा असर पुर्याउने र गाउँपालिका पदाधिकारी विरुद्ध अनावश्यक गतिविधि गर्ने कार्यलयमा पटक पटक अनुपस्थित रहने कर्मचारी लाई अन्यत्र सरुवा भई जाने गरी सहमति तथा सम्बन्धित निकायमा पत्रलेखी पठाउनुका साथै करार कर्मचारीहरुको हकमा करार सम्झौता रद्द सम्म गरिनेछ ।
- कर्मचारी सहायताका लागि छुट्टै एक गाउँपालिका स्तरमा कर्मचारी कल्याणकारी कोषको स्थापना गरिने छ ।
- जनताको वास्तविक आवश्यकता लाई मध्यनजर गरी ७ वटै वडाका विकट वस्तिमा कम्तिमा एक पटक एकिकृत घुम्ति शिविर सञ्चालन गरी प्रभावकारी घर दैलो सेवा प्रदान गरिने छ ।
- हिमाली गाउँपालिका वडा नम्बर ६ मा जनसंख्याका आधारमा ठुलो भएको हुनाले यस भन्दा पहिला ९ औं गाउँसभाले वडा अलग गर्ने भनि पास गरीएको हुनाले पुन ६ नम्बर वडाको पाँडीलाई छुट्टै वडा बनाउन सम्बन्धित निकायमा पहल गरिने छ ।
- हिमाली गाउँपालिका भौगोलिक, आर्थिक, शैक्षिक रुपमा पिक्षडिएको गाउँपालिका भएकाले यस क्षेत्रको समग्र विकास का लागि प्रदेश सरकार तथा केन्द्र सरकार समक्ष प्रशासनिक तथा प्राविधिक कर्मचारी व्यबस्थापनको लागि अनुरोध गरिनेछ ।
- प्रत्यक वडा कार्यालय बाट नै योजनाको प्रत्यक्ष सम्पर्क हुने हुदा योजना सम्वन्धि तालिमको व्यवस्था मिलाई योजनाको किताव समेत वडा कार्यालय वाट वितरण गर्न व्यवस्था मिलाईने छ।
- गाउँपालिका भित्रका शाखा वडा कार्यालय र अन्य सम्पूर्ण सघ संस्थाले प्रत्येक महिनामा आफ्नो कामको प्रगति प्रतिवेदन सहित सार्वजनिक सुनुवाई गर्ने र गाउँपालिका बाट सञ्चलित योजनाको अनिवार्य सार्वजनिक सुनुवाई गर्नु पर्ने मा जोड दिईनेछ ।
- नेपाल सरकार सघिय सञ्चित कोषमा आधारित राजश्वको सफ्टवयर सञ्चालनमा ल्याई सकेकोले प्रत्यक वडा बाट नै राजश्व सकलन गर्नका लागि वडा स्तरमा उक्त सफ्टवयर सञ्चालनमा ल्याउनका लागि ईन्टनेटको व्यावस्था मिलाईने छ ।
- गाउँपालिकामा विवाद समाधान गर्नका लागि एक ईजलास व्यवस्थापन गरिनेछ ।

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

- गाउँपालिकाको न्यायकि समितिले विवाद समाधान गर्न लागि सल्लाकारका रुपमा एक जना सल्लाहाकार माग गर्ने व्यावस्था मिलाईने छ ।

२. सुशासन, संगठन विकास तथा कार्यालय व्यवस्थापन सम्बन्धि नीति :

- सार्वजनिक खरिद ऐन, २०६३ र खरिद निमावली २०६४ संसोधन सहित कानुनको अधिनमा रहि ठुला योजना तथा आयोजनाहरु निर्माण व्यावसाहीहरुलाई ठेक्का प्रणली द्वारा प्रतिस्पर्दा गराउने तथा साना योजनाहरु उपभोक्ता समिति मार्फत गर्ने गरी नीति लिईने छ ।
- प्रत्येक वडामा मेलमिलापकर्ता गठन भई सकेकोले वडा स्तर बाटनै विवाद समाधान हुने खालका मुद्दा लाई वडा कार्यालयबाट नै विवाद समाधान गर्ने व्यवस्था मिलाईने छ ।
- हिमाली गाउँपालिका बाट पारित भै सकेका ऐन, नियम र कार्यविधि लाई राजपत्रमा प्रकाशन गर्ने र निर्माण गर्नु पर्ने कानुन निर्माण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।
- गाउँपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त, विश्वसनियता, क्षमता युक्त र प्रभावकारि बनाउदै अत्यावश्यक रिक्त दरबन्दीहरुमा उपयुक्त प्रकृयाबाट पदपूर्ति गरिनेछ ।
- गाउँपालिकालाई आवश्यक मेसिनेरी औजार, ढुवानीका साधन र सवारी साधनहरु खरिद गर्दा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद निमावली २०६४ संसोधन सहित कानुनको अधिनमा रहि खरिद गर्ने प्रणाली लाई प्रथामिकता दिईनेछ ।
- यस हिमाली गाउँपालिकाका महिला, दलित बालबालिका, जनजाती, अपाङ्गहरुको क्षमता विकासका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३. मर्यादा पालन सम्बन्धि नीति :

- गाउँसभा सञ्चालन कार्यविधि २०७४ मा उल्लेखित मर्यादा पालन सम्बन्धि विविध विषयलाई कडाईका साथ पालनामा जोड दिइनेछ ।
- गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत बैठक सञ्चालन सम्बन्धि कार्यविधिको पालनामा जोड दिइनेछ ।

**सभाका सदस्य ज्युहरु,**

अन्त्यमा विकास प्रेमी तपाईंहरु सबै जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी आम स्थानीय नार्गारिक, राजनीतिज्ञ, बौद्धिक बर्ग र समाज सेवीहरुको व्यापक सहभागितामा हिमाली गाउँपालिकाको समस्त आर्थिक, समाजिक, मानविय , भौतिक तथा बातावरणीय विकास गर्ने गरी तर्जुमा गरिएको यो नीति तथा कार्यक्रम बजेट मार्फत स्वीकृत गरी कार्यान्वयनमा सकृय सहभागि भई दिनु हुन श्रद्धेय उपाध्यक्षज्यू लगायत सबै गाउँ सभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगाएत सबै राष्ट्र सेवक कर्मचारी मित्रहरु र सम्पुर्ण सरोकारवालाहरुमा हार्दिक अनुरोध गर्दछु । त्यसैगरी गाउपालिकाको बिकास प्रयासमा सहयोग गर्ने संघिय सरकार ,प्रदेश सरकार, गै.स.स. लगायत सरोकारवाला सबैलाई धन्यबाद दिन चाहान्छु । जय हिमाली !

गोविन्दबहादुर मल्ल
अध्यक्ष
हिमाली गाउँपालिका
धुलाचौर,बाजुरा

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष